नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : ०७५/७६

च.नं. : 683

मिति : २०७६/०२/२९

बिषयः लागू औषध विरुद्धको इकाई गठन गर्ने सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै,

गृह मन्त्रालयको च.नं.८०९ मिति २०७६/०२/२९ को लागू औषध विरुद्धको इकाई गठन गर्ने सम्बन्धको पत्र र पत्रसँग संलग्न प्रतिलिपी कागजातहरु यसै साथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नुभई सोही अनुसारको व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

(जनकराज शर्मा)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा अपलोड गर्नु हुन ।

से.मा.म.
९१८
२०७६।२।२९

नेपाल सरकार

# गृह मन्त्रालय

(लागू औषध नियन्त्रण शाखा)

फोन नं. ०१-४२११२२२
०१-४२११२८४
फ्याक्स ०१-४२११२८३
ईमेलः drug@moha.gov.np
Website:www.drugportal.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ८०८

मितिः २०७५/०२/२८

विषयः- लागू औषध विरुद्धको ईकाइ गठन गर्ने सम्बन्धमा ।

श्री संघीय, मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

प्रस्तुत विषयमा लागू औषध दुरुपयोग तथा अवैध ओसार-पसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस २६ जून २०१९ लाई साताव्यापी (२०७६ असार ५ देखि असार ११ सम्म) कार्यक्रम गरि भव्य रुपमा मनाउने तय भएको छ । लागू औषधको दुर्व्यसनबाट बालबालिका र युवाहरु बढी प्रभावित भएका छन् । तसर्थ बालबालिका र युवाहरुमा लागू औषध विरुद्ध जनचेतना जगाउन आवश्यक रहेको हुदाँ प्रत्येक विद्यालयमा यसै दिवसको अवसर पारेर लागू औषध विरुद्धको इकाई (Antidrug Cell) गठन गर्नका लागि तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन निर्णयानुसार अनुरोध छ ।

(किरणचन्द्र सुवेदी)
शाखा अधिकृत

निर्णयहरु :-

१. लागू औषध दुरुपयोग तथा ओसारपसार विरुद्ध अन्तराष्ट्रिय दिवस जून २६ भव्य रुपमा मनाउन आषाढ ५-११(जून २०-२६) सम्मका लागि तय गरिएको सप्ताहव्यापी कार्यक्रमको सन्दर्भमा आ-आफ्नो निकायले गर्ने कार्यक्रमको Work Schedule ३ दिन भित्र गृह मन्त्रालय लागू औषध नियन्त्रण शाखामा उपलब्ध गराउने निर्णय गरियो ।

२. लागू औषध दुरुपयोग विरुद्धका चेतनामूलक सन्देश सबै संचार माध्यमद्वारा उक्त दिवसको अवधिभर प्रशारण गरिदिने व्यवस्थाका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

३. नार्कोनन नेपाल द्वारा सगरमाथा टेलिभिजनमा हरेक हप्ता सञ्चालन हुने लागू औषध विरुद्धको कार्यक्रमलाई लागू औषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तराष्ट्रिय दिवस केन्द्रीत बनाउने निर्णय गरियो ।

४. युवा तथा खेलकुद मन्त्रालयवाट नेपाल टेलिभिजनमा प्रत्येक हप्ता प्रशारण हुने Talk Show कार्यक्रममा सम्वद्ध निकायका पदाधिकारीहरुलाई सहभागी गराई कार्यक्रम संचालन गरिदिने व्यवस्था मिलाउन युवा तथा खेलकुद मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. तयारी तथा व्यवस्थापन समितिले मुल आयोजक समितिमा पेश गरेको कार्ययोजना शंसोधन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

६. लागू औषध दुरुपयोग तथा ओसारपसार विरुद्ध अन्तराष्ट्रिय दिवसको सप्ताहव्यापी कार्यक्रमको अवधिमा सबै विद्यालयहरुमा लागू औषध विरुद्धको इकाई (Antidrug Cell) गठन गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई पत्राचार गर्न अनुरोध गर्ने निर्णय गरियो।

७. लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तराष्ट्रिय दिवसको नारा तय गर्ने जिम्मेवारी तयारी तथा व्यवस्थापन समितिलाई दिने निर्णय गरीयो ।

८. लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको दिवस मनाउने सम्बन्धमा प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालयको सचिवालयको प.स१-०१-२६-१(२०७५/७६) च.नं १३४४ मिति २०७६/२/१५ को पत्रासाथ प्राप्त कार्यक्रम स्वीकृत गर्ने/सो अनुरुप केन्द्र देखि तल्लो युनिटसम्म कार्यक्रम कार्यान्वयन गरी सप्ताहव्यापी कार्यक्रमको प्रगति दैनिक रुपमा गृह मन्त्रालय लागू औषध नियन्त्रण शाखामा पठाउने निर्णय गरियो ।

९. लागू औषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्धको दिवस मनाउने सम्बन्धमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयको प.स ०७५/०७६/३६४६ मिति २०७६/२/१५ को प्राप्त पत्रसाथ प्राप्त कार्यक्रम स्वीकृत गर्ने सो अनुरुप कार्यक्रम कार्यान्वयन गरी सप्ताहव्यापी कार्यक्रमको प्रगति दैनिक रुपमा गृह मन्त्रालय लागू औषध नियन्त्रण शाखामा पठाउने निर्णय गरियो।

१०. लागू औषध दुरुपयोग तथा ओसारपसार विरुद्ध अन्तराष्ट्रिय दिवस जून २६ को सप्ताहव्यापी कार्यक्रमको कार्ययोजनाको बुदाँ १.१ को नेपाल भरका सिनेमा हलहरु,टेलिभिजन,रेडियोबाट लागू औषध विरुद्ध Caption , चेतनामूलक सामग्री अन्तरवार्ता छलफल परिसंवाद कार्यक्रमहरु प्रशारण गर्ने उल्लेख भए बमोजिम सो कार्यका लागि सहयोगी निकायको रुपमा रहेको नार्कोनन् नेपाल संगको समन्वयमा विभिन्न लागू औषध विरुद्धको प्रर्वद्धनात्मक सामग्री तयार गरी विभिन्न सिनेमा हल,स्थानीय टेलिभिजन,रेडियोबाट प्रशारण गर्ने व्यवस्था मिलाउन प्रहरी प्रधान कार्यालय प्रहरी म.नि को सचिवालय मार्फत श्रव्य दृश्य शाखालाई अनुरोध गर्ने निर्णय गरियो।

# लागूऔषध दुरुपयोग एवं ओसारपसार विरुद्ध अन्तर्राष्ट्रिय दिवस जून २६, २०१९

## सप्ताहव्यापी कार्यक्रमको कार्ययोजना

(२० जुन देखि २६ जुन २०१९ तदनुसार २०७६, ५ आषाढ देखि ११ गते सम्म)

| सि.नं | कार्यक्रम | समयसीमा (गते) | | | | | | | स्थान | जिम्मेवार निकाय | सहयोगी निकाय | श्रोतको व्यवस्थापन | अनुगमन गर्ने निकाय | कार्यान्वयन अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | | | | | | |
| १. | अन्तरक्रिया कार्यक्रमहरु | | | | | | | | | | | | | |
| १.१ | लागू औषध रोकथाम नीति तर्जुमा सम्बन्धि अन्तरक्रिया | | | | | | | | | गृह मन्त्रालय | UNODC, FDDR, RN, NESFADA, त्रिभुवन विश्व विद्यालय शिक्षण अस्पताल मानसिक विभाग | UNODC, FDDR, RN, NESFADA | गृह मन्त्रालय | |
| १.२ | बैकल्पिक विकास प्रयास (Alternative Development Initiative) | | | | | | | | | गृह मन्त्रालय | जीविकोपार्जन सम्बद्ध निकाय | गृह मन्त्रालय | गृह मन्त्रालय | |
| १.३ | औषधी ऐन कार्यान्वयनमा देखिएका चुनैतिहरुको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम गर्ने | | | | | | | | | औषधि व्यवस्था विभाग | गृह मन्त्रालय, NCB | औषधि व्यवस्था विभाग | गृह मन्त्रालय | |
| २. | समन्वय कार्यक्रमहरु | | | | | | | | | | | | | |
| २.१ | नेपाल सरकारका मा. मन्त्रीज्यूहरु प्रतिनिधिसभा/प्रदेशसभाका सांसद तथा नेपाल सरकारका सचिवहरूलाई लागू औषध बिरुद्ध सचेतनामूलक सामाग्रीहरु बितरण गर्ने | | | | | | | | | पूर्व प्रहरी संगठन, FDDR, RN, Narconan, नेपाल स्वास्थ्य समाज | प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय,संसद सचिवालय | गृह मन्त्रालय FDDR, RN, Narconan | गृह मन्त्रालय | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.२ | सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला स्थानिय तह हुदैं वडा,टोल तहसम्म लागू औषधदुरुपयोगका लक्षण र अभिभावकको दायित्व सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्ने | | | | | | | | | | नेपाल प्रहरी, सामुदायिक प्रहरी, | जिल्ला प्रशासन कार्यालय स्थानिय तह युवा क्लव आमा समुह बाल क्लव | नेपाल प्रहरी सामुदायिक प्रहरी | गृह मन्त्रालय | |
| २.३ | प्रदेश स्तरमा आन्तरीक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालय मार्फत र स्थानीय स्तरमा स्थानिय तहहरुमा सरोकारवालाहरूको सहभागिता गराई लागू औषधविरुद्ध चेतनामूलक र्‍याली, अन्तर्क्रिया, सडक नाटक, सांगितिक कार्यक्रम आदि जस्तासचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | | आन्तरीक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालयर स्थानीय तहहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, Recovery Nepal | सवै प्रदेशका आन्तरीक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालयर स्थानीय तहहरू | गृह मन्त्रालय | |
| ३. | नियन्त्रणात्मक कार्यक्रमहरु | | | | | | | | | | | | | | |
| ३.१ | गाँजा अफिम खेती नष्ट अभियान | | | | | | | | | | प्रहरी प्रधान कार्यालय | NCB, सशस्त्र प्रहरी बल, सबै स्थानिय तहहरु | गृह मन्त्रालय | जिल्ला प्रशासन कार्यालय | |
| ३.२ | सीमा क्षेत्रमा लागू औषध विरूद्द सचेतना कार्यक्रम तथा Counterpart बैठक,BOP तह सम्म आयोजना गर्ने | | | | | | | | | | अन्तर्राष्ट्रिय सीमा जोडीएका जिल्लाका जिल्ला प्रशासन कार्यालय, शसस्त्र प्रहरी बल | नेपाल प्रहरी | सम्बन्धीत जिल्ला प्रशासन कार्यालयहरु | गृह मन्त्रालय | |
| ४. | सचेतना कार्यक्रमहरु | | | | | | | | | | | | | | |
| ४.१ | नेपालभरका सिनेमा हलहरु, टेलिभिजन, रेडियोबाट लागू औषध विरूद्द Caption,चेतनामूलक सामाग्री, अन्तरवार्ता, छलफल, | | | | | | | | | | गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,युवा तथा खेलकुद | गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय | RN, नार्कोनन् नेपाल | गृह मन्त्रालय | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिसंवाद जस्ता कार्यक्रमहरु प्रशारण | | | | | | | | | | मन्त्रालय,राष्ट्रिय स्वास्थ्य शिक्षा तथा संचार केन्द्र केन्द्र, स्वास्थ्य सेवा विभाग, RN, नार्कोनन नेपाल, प्रहरी प्रधान कार्यालय (श्रव्यदृष्य शाखा) | स्वास्थ्य शिक्षा तथा संचार केन्द्र केन्द्र, स्वास्थ्य सेवा विभाग, RN, नार्कोनन नेपाल, त्रिभुवन विश्व विद्यालय शिक्षण अस्पताल मानसिक विभाग | | | |
| ४.२ | लागू औषध विरुद्ध जनचेतना जगाउने Radio Jingle र Short Video Clip तयार गरी प्रशारण गर्ने। | | | | | | | | | | R.N | R.N | R.N | गृह मन्त्रालय | |
| ४.३ | कारागरमा रहेका बन्दीहरूलाइ लागू औषध विरूद्द सचेतना कार्यक्रम | | | | | | | | | | FDDR, नेपाल स्वास्थ्य समाज | कारागार कार्यालयहरू | FDDR | गृह मन्त्रालय | |
| ४.४ | माध्यामिक विद्यालय तथा कलेज स्तरका शैक्षिक संस्थाहरुमा विद्यालय तथा कलेजका व्यवस्थापक, शिक्षकहरुलाई लागू औषध बिरुद्ध अनुशिक्षण सञ्चालन* | | | | | | | | | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, Private Collage Association र नेपाल प्रहरी, विश्वविद्यालय, हिसान, सबै प्रदेशका सामाजिक विकास मन्त्रालय | प्रमुख जिल्ला अधिकारी स्थानीय तह,विद्यालय/कलेज Recovery Nepal प्यावसन/एनप्यावसन, विद्यालय शिक्षक महासंघ, Private Collage Association, विश्वविद्यालय, हिसान, सबै प्रदेशका सामाजिक विकास मन्त्रालय | गृह मन्त्रालय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय | गृह मन्त्रालय लागू औषध नियन्त्रण शाखा | |
| .५ | विद्यालयका अभिभावकहरुलाई लागू औषध बिरुद्ध प्रशिक्षण | | | | | | | | | | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, गृह मन्त्रालय, र Private Collage Association | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अभिभावक संघ नेपाल, FDDR र Private Collage Association | गृह मन्त्रालय | गृह मन्त्रालय | |
| ६ | उपचार तथा पुनर्स्थापना केन्द्रहरुमा अनुशिक्षण, अनुगमन तथा परामर्श कार्यक्रम | | | | | | | | | | नेपाल प्रहरी Recovery Nepal र FDDR | | FDDR, RN | गृह मन्त्रालय | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.७ | होस्टेल व्यवसायहरुलाई लागू औषध विरुद्ध सचेतना कार्यक्रम | | | | | | | | | गृह मन्त्रालय | गृह मन्त्रालय, होस्टेल व्यवसाई संघ | गृह मन्त्रालय | | |
| ४.८ | औषधी व्यवसायीहरुलाई लागू औषध विरुद्ध सचेतनात्मक कार्यक्रम तथा चेतनामूलक सामाग्रीहरु वितरण गर्ने | | | | | | | | | औषधि व्यवस्था विभाग | औषधि उत्पादक संघ र औषधि व्यवसायी संघ FDDR | औषधि उत्पादक संघ र औषधि व्यवसायी संघ | गृह मन्त्रालय | |
| ४.९ | स्थानीय महिला स्वास्थ्य स्वयंसेविका मार्फत लागू औषध विरूद्द टोलटोलमा सचेतना अभियान सञ्चालन | | | | | | | | | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयर स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय | |
| ४.१० | मोबाईल मार्फत लागू औषध सम्बन्धि सचेतनामुलक सन्देश पठाउने | | | | | | | | | संचार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | गृह मन्त्रालय,नेपाल टेलिकम | गृह मन्त्रालय | गृह मन्त्रालय | |
| ४.११ | लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार बिरुद्ध Electronic display, होर्डिग बोर्ड, पर्चा, पम्प्लेट तथा पोष्टर छपाई तथा वितरण | | | | | | | | | UNODC | स्थानीय तह, FDDR | UNODC/FDDR NARCONAN | गृह मन्त्रालय | |
| ४.१२ | विद्यालय, कलेजका विद्यार्थिहरू बीच लागू औषध विरूद्द अभिनयात्मक कविता वाचन तथा वक्तृत्वकला प्रतियोगिता | | | | | | | | | हिसान प्याव्सन/एन प्याव्सन | गृह मन्त्रालय | गृह मन्त्रालय | गृह मन्त्रालय | |
| ४.१३ | बृहत उत्प्रेरणात्मक परामर्श कार्यक्रम संचालन | | | | | | | | | Motivate News | गृह मन्त्रालय | Motivate News गृह मन्त्रालय | गृह मन्त्रालय | |
| ४.१४ | Social media मार्फत प्रचार प्रसार कार्यक्रम सञ्चालन | | | | | | | | | गृह मन्त्रालय, Youth Vision | Youth Vision | UNODC | गृह मन्त्रालय | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.१५ | लागू पदार्थको रोकथाम खेलकुदको अभियान | | | | | | | | | युवा तथा खेलकुद मन्त्रालय, NESFADA, खेलकुद महासंघ,नेपाल स्वास्थ्य समाज | युवा तथा खेलकुद मन्त्रालय | | गृह मन्त्रालय | |
| ५ | स्टल निर्माण, प्रभातफेरी तथा समारोह आयोजना | | | | | | | | | गृह मन्त्रालय, NCB | UNODC, Save the Children, FDDR, Recovery Nepal | गृह मन्त्रालय FDDR, Recovery Nepal | गृह मन्त्रालय | |
| ५.१ | हल तथा मञ्च व्यवस्थापन | | | | | | | | | NCB | FDDR, Recovery Nepal | गृह मन्त्रालय | गृह मन्त्रालय | |
| ५.२ | स्टल निर्माण तथा समन्वय | | | | | | | | | Recovery Nepal | FDDR and | FDDR and Recovery Nepal | गृह मन्त्रालय | |
| ५.३ | प्रभातफेरी व्यवस्थापन | | | | | | | | | गृह मन्त्रालय | नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, हिसान, Scout, NPC, विद्यालयहरू, FDDR, Recovery Nepal, राष्ट्रिय कलाकारर पूर्व प्रहरी संगठन | UNODC, Save the Children, Recovery Nepal | गृह मन्त्रालय | |
| ५.४ | वैण्ड/बाजा व्यवस्थापन | | | | | | | | | नेपाल प्रहरी, सशस्त्र प्रहरी | | नेपाल प्रहरी, सशस्त्र प्रहरी | | |
| ५.५ | मञ्चको कार्यक्रम व्यवस्थापन | | | | | | | | | गृह मन्त्रालय | NCB | गृह मन्त्रालय | | |
| ५.६ | सुरक्षित जीवनको १६ औं अंक विमोचन | | | | | | | | | गृह मन्त्रालय | | | | |
| ५.७ | सांगितिक कार्यक्रम प्रस्तुती | | | | | | | | | गृह मन्त्रालय नेपाल प्रहरी सशस्त्र प्रहरीबल नेपाल र राष्ट्रिय कलाकार | | | गृह मन्त्रालय | |
| ५.८ | नाटक प्रदर्शन | | | | | | | | | साझा अभियान | | | गृह मन्त्रालय | |
| ६ | लागू औषध विरूदको अभियानमा योगदान गर्नेहरूलाई कदर पत्र | | | | | | | | | गृह मन्त्रालय | | | गृह मन्त्रालय | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | लागू औषध नियन्त्रण सम्बन्धी अन्तराष्ट्रिय दिवशलाई सप्ताह व्यापि कार्यक्रम सहित भव्य रुपमा मनाउने । यसका लागि जिल्लाको लागू औषधको विशिष्ट अवस्था अनुसार साता भरका लागि कार्यक्रम तयार गरि कार्यान्वयन गरि दैनिक रुपमा मन्त्रालयमा प्रगति प्रतिवेदन पेश पर्ने | | | | | | | | | | सबै जिल्ला प्रशासन कार्यालयहरु | जिल्लामा लागू औषधका क्षेत्रमा क्रियाशिल संघ/संस्थाहरु, सबै स्थानिय तहहरु | सबै जिल्ला प्रशासन कार्यालयहरु | गृह मन्त्रालय | |

द्रश्टव्यः प्रत्येक विद्यालयले आफ्नो Parents Day का दिन अभिभावक तथा विद्यार्थीहरुका लागि लागू औषध विरुद्ध सचेतनामुलक कार्यक्रम गर्ने।